# सामाजिक अध्ययन

**कक्षा :** ९ र १० **वार्षिक कार्यघण्टा:** १२८
**पाठ्यघण्टा :** ४

## १.परिचय

सामाजिक अध्ययन विषयअन्तर्गत विभिन्न सामाजिक विज्ञानका विषयवस्तु समावेश गरी बदलिँदो विश्व परिवेश, राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी यो पाठ्यक्रम तयार पारिएको छ। यस विषयको अध्ययनबाट असल नागरिक भई सफल जीवनयापन गर्न विद्यार्थीलाई मदत पुग्ने छ। यसका साथै यस विषयमार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा र विश्वबन्धुत्व जस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउने उद्देश्य राखेको छ। विविधताको सम्मान, सामाजिक न्यायको आत्मसात् एवम् समावेशिताको मूल्य विकास गराउने लक्ष्य पनि यस पाठ्यक्रमले राखेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदर्शन गरेअनुरूप सामाजिक अध्ययन विषयको पाठ्यक्रम तयार गरिएको छ। यस पाठ्यक्रममा समावेश गरिएका मुख्य विषयवस्तुमा हामी र हाम्रो समाज, विकासका पूर्वाधार, हाम्रा सामाजिक मूल्य मान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, हाम्रा आर्थिक क्रियाकलाप, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग एवम् जनसङ्ख्याको परिचय र व्यवस्थापन रहेका छन्। यस पाठ्यक्रमबाट विद्यार्थीमा सामुदायिक भावना विकसित हुन सकोस्, विद्यार्थीले आफ्नो मुलुकको वास्तविक विकासका अवधारणा बुझ्न सकुन्, आफ्ना सामाजिक मूल्यमान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमानदार र असल नागरिक बनुन् भन्ने उद्देश्य राखिएको छ। नेपाल र विश्वको भौगोलिक अवस्थिति तथा विगतका ऐतिहासिक घटनाक्रमबाट पाठ सिकी वर्तमान अवस्थामा आफूलाई परिवर्तन गर्न सकुन् र जनसङ्ख्या व्यवस्थापनका व्यावहारिक सिप प्राप्त होस् भन्ने उद्देश्यसमेत यस पाठ्यक्रमले राखेको छ। त्यसै गरी आर्थिक क्रियाकलापसँग परिचित भई श्रमप्रति लगनशील हुन सकुन्, अन्तर्राष्ट्रिय समझदारी बढाउन यसका विषयवस्तुबाट मदत लिन सकुन् र विश्व परिस्थितिका नयाँ परिवर्तनहरूको जानकारी राख्दै स्वतन्त्र, समानता र विश्वबन्धुत्वको भावनाअनुरूप आफूलाई समायोजन गर्न सकुन भन्ने उद्देश्य यस पाठ्यक्रमले राखेको छ। यसका विषयक्षेत्रलाई आधारभूत तहदेखि माध्यमिक तहसम्म क्रमबद्ध गर्ने प्रयास गरिएको छ।

यस पाठ्यक्रममा कक्षा ९–१० का तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको विस्तृतीकरणसहित विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलाप तथा विद्यार्थी मूल्याङ्कनका लागि गर्न सकिने नमुना क्रियाकलाप, सम्भावित प्रयोगात्मक तथा परियोजना कार्य, सिकाइ सहजीकरण विधि तथा प्रक्रियाका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधनहरूको सङ्केत गरिएको

छ । यस विषयका लागि कक्षा ९ देखि १० सम्म प्रत्येक कक्षामा साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा समय निर्धारण गरिएको छ । यस विषयमा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि ७५ प्रतिशत भार आवधिक मूल्याङ्कन र २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कनको लागि निर्धारण गरिएको छ ।

## २. तहगत सक्षमता

कक्षा ९–१० को सामाजिक अध्ययन विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीमा निम्नलिखित सक्षमताहरू हासिल हुने छन् :

१. हाम्रो समाजसम्बद्ध पक्षको पहिचान, सम्मान, संरक्षण र संवर्धन

२. विकासका पूर्वाधारहरूको अवस्था पहिचान, महत्त्व बोध र प्रस्तुति

३. स्थानीय विकासका गतिविधिहरूमा सक्रिय सहभागिता

४. हाम्रा सामाजिक मूल्यमान्यताहरूको बोध, सम्मान र संम्वर्धन

५. राष्ट्रको सम्मान, राष्ट्रियताको प्रवर्धन र राष्ट्रिय सम्पदाहरूप्रति गौरव बोध र संरक्षण

६. नागरिक अधिकार र कर्तव्यको बोध र उपयोग

७. सामाजिक समस्या पहिचान, कारण एवम् समाधानका उपायहरूको खोजी र अवलम्बन

८. ऐतिहासिक तथ्यहरूको पहिचान, खोज र प्रस्तुति

९. आर्थिक क्रियाकलापको पहिचान, सम्भावनाको खोज र प्रयोग

१०. नेपाल र विश्वको भौगोलिक अवस्था र तथ्यहरूको पहिचान एवम् नक्सा कार्य

११. विपत्का कारण र असरको पहिचान एवम् व्यवस्थापनका उपायहरूको अवलम्बन

१२. सूचना, सञ्चार तथा प्रविधिमा आधारित सिकाइको प्रयोग

१३. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगका आयामहरूको पहिचान र योगदानको विश्लेषण

१४. जनसङ्ख्या व्यवस्थापनका पक्षहरू पहिचान र विश्लेषण

## कक्षागत सिकाइ उपलब्धि

| विषय क्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| १. हामी र हाम्रो समाज | १. समाज विकासको अवधारणा र चरणहरूको उल्लेख गर्न<br>२. समाजका प्रकारहरू बताउन र असल समाज निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न | १. सामाजिकीकरणको अवधारणासँग परिचित हुन र व्यवहारमा प्रदर्शन गर्न<br>२. हाम्रा सामाजिक/सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता संरक्षण गर्न<br>३. हाम्रा राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न |
| २. विकास र विकासका पूर्वाधार | ३. विकासको अवधारणासँग परिचित हुन र पूर्वसर्तहरूको पहिचान गर्न<br>४. विकासको पूर्वाधारहरूको परिचय दिई सम्भावना र अवसरको खोजी गर्न<br>५. परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व बताउन तथा तिनको सिर्जनशील प्रयोग गर्न<br>६. स्थानीय तहमा विकास प्रस्ताव तर्जुमा र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न | ४. मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न<br>५. दिगो विकासको अवधारणा र भएका प्रयास बताउन एवम् व्यक्तिले गर्न सक्ने योगदानको चर्चा गर्न<br>६. नेपालमा विकासको सङ्घीय र प्रादेशिक अवधारणा र कार्य क्षेत्र प्रस्तुत गर्न<br>७. नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको परिचय र उपलब्धि उल्लेख गर्न |
| ३. हाम्रो परम्परा एवम् सामाजिक मूल्य र मान्यता | ७. हाम्रा परम्परा एवम् सामाजिक मूल्य मान्यताको पहिचान र त्यसले समाजमा पारेको सकारात्मक प्रभावको खोजी गर्न<br>८. धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको महत्त्व बताउन र व्यावहारिक अभ्यास गर्न<br>९. हाम्रो परम्परागत कलाको परिचय र महत्त्व बताउन<br>१०. समानुभूति, सहयोग र शान्ति संस्कृतिको महत्त्व बोध र अभ्यास गर्न<br>११. राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदान उल्लेख गर्न र प्रेरणा लिन | ८. हाम्रा सम्पदाहरूको पहिचान र महत्त्व बताउन एवम् संरक्षण कार्यमा सहभागी हुन<br>९. हाम्रा लोक तथा शास्त्रीय कलाको महत्त्व बताउन र संरक्षण कार्यमा सहभागी हुन<br>१०. राष्ट्रिय दिवसहरूको महत्त्व प्रस्तुती र सम्मान गर्न<br>११. अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानबाट प्रेरणा लिन र आवश्यकताअनुसार अनुशरण गर्न<br>१२. विश्वबन्धुत्व र मानवताको भावना परिपालन गर्न<br>१३. जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न |

| विषय क्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| ४. सामाजिक समस्या र समाधान | १२ सामाजिक समस्या र विकृतिको पहिचान गरी त्यसका असर र समाधानका उपायहरू उल्लेख गर्न<br>१३ सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घसंस्थाको योगदानको खोजी गर्न<br>१४ सामाजिक समस्या समाधानका प्रचलित मौलिक अभ्यासहरूको खोजी र प्रवर्धन गर्न | १४. सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न<br>१५ समस्या समाधान सिपको प्रदर्शन गर्न<br>१६. सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका खोजी गर्न |
| ५. नागरिक चेतना | १५. नेपालको संवैधानिक विकासक्रम उल्लेख गर्न र नेपालको वर्तमान संविधानका विशेषता बताउन<br>१६. वर्तमान संविधानले प्रदान गरेका मौलिक हकसँग परिचित हुन र नागरिक कर्तव्य पालना गर्न<br>१७. नागरिक पहिचानका आधारहरू उल्लेख गर्न<br>१८. सुशासनको परिचय र महत्त्व उल्लेख गर्न एवम् लोकतान्त्रिक आचरणको अवलम्बन गर्न<br>१९. नागरिक समाजको परिचय र भूमिका खोजी गर्न<br>२०. राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषयप्रति सचेत रहन | १७. राज्यका प्रमुख तीन अङ्गहरूको परिचय, कार्यहरू र अन्तरसम्बन्ध उल्लेख गर्न<br>१८. राजनीतिक दलको भूमिका र जिम्मेवारी उल्लेख गर्न<br>१९. निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका बताउन<br>२०. मानव अधिकारको अवधारणा बताउन र सचेत रहन<br>२१. मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिकासँग परिचित हुन<br>२२. उपभोक्ता अधिकारसम्बन्धी अवधारणा बताउन र सचेत रहन |
| ६. हाम्रो पृथ्वी | २१ अक्षांश र देशान्तरको परिचय र प्रभाव उल्लेख गर्न<br>२२. नेपालको धरातलीय स्वरूप र यसको निर्माण प्रक्रिया, विशेषता र प्रभाव बताउन<br>२३. नेपालमा पाइने हावापानीको पहिचान र जनजीवनमा परेको प्रभाव विश्लेषण गर्न<br>२४. नेपालका वनस्पतिको परिचय, प्रकार र महत्त्व बताउन<br>२५. नेपालको खनिज र जलस्रोतको परिचय दिन र उपयोग बताउन<br>२६. नेपालमा घट्ने प्रमुख विपत् र | २३. हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन ।<br>२४. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न<br>२५ भूकम्पको परिचय दिन र यसबाट जोगिने उपायहरूको अभ्यास गर्न<br>२६ नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गर्न र नक्सासम्बन्धी आधुनिक व्यावहारिक |

| विषय क्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | तिनको न्यूनीकरणका उपायहरू बताउन र व्यवस्थापनमा सहभागी हुन<br>२७. एसिया, युरोप र अष्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी र जनजीवनको वर्णन गर्न<br>२८. नक्सा अध्ययन र निर्माण गर्न | प्रविधिको उपयोग गर्न |
| ७. हाम्रो विगत | २९. ऐतिहासिक स्रोतहरूको खोज, अध्ययन गर्न एवम् त्यसको संरक्षणका उपायहरू अवलम्बन गर्न<br>३०. बुद्ध जन्मभूमि र शाक्य वंशीय इतिहासको छोटकरीमा वर्णन गर्न<br>३१. आफ्नो वंशको महत्त्वपूर्ण पक्षको खोजी र वंश वृक्ष तयारी गर्न<br>३२. नेपालको एकीकरण अभियानका मुख्य घटनाहरू तथा प्रभाव उल्लेख गर्न<br>३३. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरवीरङ्गानाहरूको योगदानको समीक्षा गर्न<br>३४. राणाशासनको उदय एवम् अन्त्यका कारणहरू र यसले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव बताउन | २७. वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न<br>२८. वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न<br>२९. प्रथम र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भूमिका प्रस्तुत गर्न<br>३०. आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान, संरक्षण र संवर्धन गर्न |
| ८. हाम्रा आर्थिक क्रिया कलाप | ३५. परम्परागत र आधुनिक कृषिको महत्त्व, विशेषता बताउन र कृषि क्षेत्रका विकासको सम्भावनाको खोजी गर्न<br>३६. उद्योगको परिचय, प्रकार र महत्त्व बताउन र उद्योगका सम्भावनाको पहिचान गर्न<br>३७. व्यापारको परिचय, प्रकार र महत्त्व बताउन<br>३८ नेपालमा व्यापारको बजारीकरण र विविधीकरण एवम् व्यापार प्रवर्धनका उपायहरू उल्लेख गर्न<br>३९. श्रम, आयआर्जन र रोजगार एवम् उद्यमशिलताको सम्बन्ध प्रस्तुत गर्न | ३१. नेपालमा उर्जाको महत्त्व र सम्भावना बताउन एवम् उर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध पहिचान गर्न<br>३२. नेपालमा पर्यटनको महत्त्व, सम्भावना र प्रवर्धनका उपायहरू व्याख्या गर्न<br>३३. रोजगारीको परिचय, प्रकार र यसले पारेका प्रभावहरू खोजी गर्न<br>३४. वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न<br>३५. कर (Tax) को परिचय, प्रकार र महत्त्व उल्लेख गर्न र कर तिर्ने कार्यलाई नागरिक दायित्वका रूपमा आत्मसात् गर्न<br>३६ आवधिक योजनाको परिचय दिन र |

| विषय क्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | | चालु आवधिक योजनाका लक्ष्य र कार्यक्रमसँग परिचित हुन |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ४० नेपालका दातृ राष्ट्र तथा संस्थाहरूसँग सम्बन्ध र सहयोगको अवस्थासँग परिचित हुन<br>४१. संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका उल्लेख गर्न<br>४२. सार्क र युरोपियन युनियन को परिचय र भूमिका बताउन<br>४३. सूचना तथा सञ्चार प्रविधिका स्रोत एवम् सामग्रीको परिचय दिन र प्रभावकारी उपयोग गर्न एवम् सावधानी अपनाउन<br>४४. विश्वमा घटेका मुख्य समसामयिक घटनासँग परिचित हुन | ३७ नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्तसँग परिचित हुन<br>३८ संयुक्त राष्टसङ्घ र यसका अङ्गहरूका कार्यहरू उल्लेख गर्न<br>३९ संयुक्त राष्टसङ्घका विशिष्टिकृत संस्थाहरूसँग नेपालको सम्बन्ध र सहयोग खोजी गर्न<br>४०. स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्न<br>४१ सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न र सुरक्षात्मक उपायहरू अवलम्बन गर्न<br>४२. विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न |
| १०. जनसङ्ख्या परिचय र व्यवस्थापन | ४५. जनसाङ्ख्यिकीका तत्त्वहरू उल्लेख गर्न र नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको सूची तयार पार्न<br>४६. नेपालमा बसाइँसराइका कारण र असरहरू पहिल्याउन<br>४७. जनसङ्ख्या वृद्धिका कारण, असरहरू र व्यवस्थापनका उपायहरू प्रस्तुत गर्न<br>४८ पारिवारिक स्वास्थ्य र हेरचाहको परिचय र महत्व वताउन | ४३. नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न<br>४४. पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध उल्लेख गर्न<br>४५. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न<br>४६. विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न |

## विषयवस्तुको विस्तृतीकरण

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | **१.१ सामाजिकीकरण**<br>• परिचय र तत्त्व<br>• महत्त्व<br>• सामाजिकीकरण माध्यमहरू/<br>• निकायहरू<br>• सामाजिकीकरणका व्यावहारिक अभ्यासहरू | - उदाहरणसहित प्रश्नोत्तर र छलफल विधिबाट सामाजिकीकरणको परिचय दिने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी सामाजिकीकरणको महत्त्वका सम्बन्धमा छलफल गराउने<br>- सामाजिकीकरणका तत्त्वहरू सम्बन्धमा स्वमूल्याङ्कन गर्न गराउने<br>- सामजिकीकरण गराउने निकायहरू सम्बन्धमा पुनरवलोकन गराउँदै | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. सामाजिकीकरणको परिचय दिनुहोस् ।<br>२. सामाजिकीकरण महत्त्व उल्लेख गर्नुहोस् ।<br>३. तपाईंलाई सामाजिकीकरण तत्त्वहरूमध्ये कुन चाहिँ सबैभन्दा बढी महत्त्वपूर्ण लाग्छ, किन ?<br>४. सामाजिकीकरणका निकायहरू के के हुन् ? | ८ |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | समूह छलफल गराई प्रस्तुति गर्न लगाउने | ५. विद्यार्थीको व्यवहार निरन्तर अवलोकन गरी मूल्याङ्कन गर्ने | |
| | **१.२ हाम्रो पहिचान र विविधता**<br>• पहिचानको अर्थ र महत्त्व<br>• हाम्रा विविध पहिचानहरू (राष्ट्रिय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक, अपङ्गता) को परिचय र महत्त्व<br>• विविधतामा एकता र यसको महत्व | - भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी पहिचानको अर्थ र महत्त्व सम्बन्धमा छलफल गराउने<br>- समूहमा हाम्रा पहिचानहरू (राष्ट्रिय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक) र तिनीहरूको महत्त्व सम्बन्धमा छलफल गरी प्रस्तुति गराउने र शिक्षकले निष्कर्ष दिने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी हाम्रा पहिचानहरू र तिनीहरूका महत्त्व सम्बन्धमा थप जानकारी दिने<br>- "हाम्रो पहिचान : हाम्रो गौरव" शीर्षकमा वक्तृत्व वा निबन्ध लेखन गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय पहिचान भनेको के हो ?<br>२. हाम्रा पहिचानहरू किन महत्त्वपूर्ण छन्, कारणसहित लेख्नुहोस् ।<br>३. के कारणले तपाईं नेपाली भएको गौरव गर्नुहुन्छ ?<br>४. निम्न आधारमा वक्तृता वा निबन्धको मूल्याङ्कन गर्ने<br>o प्रस्तुतीकरण<br>o ढाँचा<br>o विषयवस्तु<br>o सिर्जनात्मकता | |
| | **१.३ हाम्रा राष्ट्रिय गौरवहरू**<br>• नेपाललाई विश्वमा चिनाउने कुराहरू (बहुसांस्कृतिकता, वीरता, राष्ट्रिय झन्डा, राष्ट्रिय गान, सगरमाथा, लुम्बिनी, | - आफ्ना समुदाय, गाउँ वा सहरलाई चिनाउने कुराहरू सम्बन्धमा समूहमा छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- नेपाललाई विश्वमा चिनाउने कुराहरू सम्बन्धमा प्रश्नोत्तर गर्ने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय पहिचान भनेको के हो ?<br>२. तपाईं नेपाली भएकोमा गौरव गर्ने कारणहरू के के हुन् ? | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | पशुपतिनाथ, जानकी मन्दिर) को परिचय र महत्त्व | - राष्ट्रिय झन्डासहित राष्ट्रिय गान गाउन लगाउने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी हाम्रा राष्ट्रिय गौरवहरू परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>- समूह विभाजन गरी हाम्रा राष्ट्रिय गौरवहरू झल्कने चित्र, चार्ट वा पोस्टर तयार गराउने | ३. "नेपाललाई बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भनिन्छ ।" यस भनाइलाई प्रस्ट पार्नुहोस् ।<br>४. विद्यार्थीले तयार गरेका चित्र, चार्ट र पोस्टरलाई निम्न आधारमा मूल्याङ्कन गर्ने<br>○ मौलिकता र सिर्जनशिलता<br>○ साजसज्जा<br>○ विषयवस्तुसँगको तादात्म्यता | |
| २.विकासका पूर्वाधार | **२.१ मानव विकास सूचकाङ्क**<br>• अवधारणा<br>• नेपालको मानव विकास सूचकाङ्कको स्थिति र सार्क राष्ट्रहरूसँग तुलना<br>• नेपालको मानव विकासको अवस्था सुधार गर्ने उपायहरू | - मानव विकास र मानव संसाधन विकासबिचका भन्नता सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गराउने<br>- भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी मानव विकास सूचकाङ्कको परिचय, महत्त्व र सार्क राष्ट्रहरू र विश्वमा नेपालको स्थिति सम्बन्धमा छलफल गराउने<br>- समूहमा कुनै एउटा मानव विकास सूचकाङ्क कम भएको घटना दिई समस्या पहिचान र समाधानका उपायहरू सम्बन्धमा सुझाव दिन लगाउने<br>- नेपालमा मानव विकासको अवस्था | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. मानव विकास सूचकाङ्क भनेको के हो ?<br>२. मानव विकास सूचकाङ्कबाट के थाहा पाउन सकिन्छ ?<br>३. मानव विकास सूचकाङ्कका आधारमा नेपाल कस्तो देश हो ?<br>४. सार्क राष्ट्रहरूको मानव विकास सूचकाङ्कको विश्लेषण गर्नुहोस् ।<br>५. नेपालको मानव विकास सूचकाङ्क कम हुनुका कुनै दुईओटा कारणहरू लेख्नुहोस् । | १० |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | कमजोर हुनाका कारणहरू र यसलाई सुधार गर्ने उपायहरू सम्बन्धमा समूह छलफल गरी प्रस्तुति गर्न लगाउने | ६. नेपालको मानव विकास सूचकाङ्क वृद्धि गराउनका लागि के के गर्नुपर्ला ? | |
| | **२.२ दिगो विकास**<br>• दिगो विकासको अवधारणा<br>• दिगो विकासका लागि भएका प्रयासहरू<br>• दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू | • पूर्व कक्षाहरूमा अध्ययन गरेका कुराहरू स्मरण गराउँदै दिगो विकासको अवधारणा सम्बन्धमा समूहमा छलफल गराई केही कक्षामा प्रस्तुत गराउने<br>• भिडियो, स्लाइड, चित्र, फोटो आदिको प्रयोग गरी दिगो विकासको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>• आफ्नो घर र विद्यालय वरपरको दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू सम्बन्धमा प्रश्नोत्तर गरी छलफल गराउने<br>• दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरूसँग सम्बन्धित परियोजना कार्य गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. दिगो विकास भनेको के हो ?<br>२. दिगो विकास गर्ने कुनै चार उपायहरू उल्लेख गर्नुहोस् ।<br>३. दिगो विकासका कुनै चार लक्ष्यहरू (सन् २०१६-२०३०) लेख्नुहोस् ।<br>४. नेपालमा दिगो विकासका लक्ष्यहरूका वर्तमान स्थितिको समीक्षा गर्नुहोस् ।<br>५. निम्न आधारमा परियोजना कार्यको मूल्याङ्कन गर्ने<br>○ जिम्मेवारी वहन<br>○ व्यक्तिगत सक्रियता<br>○ प्रतिवेदन तयारी | |
| | **२.३ सङ्घीय नेपाल र विकासको प्रादेशिक अवधारणा**<br>• विकासको संघीय र | • विकासको अवधारणा सम्बन्धमा छोटो प्रश्नोत्तर गर्ने<br>• भिडियो, स्लाइड, चित्र, फोटो, नक्सा आदिको प्रयोग गरी विकासको | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने : | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | प्रादेशिक अवधारणाको परिचय र महत्त्व<br>• नेपालको सामाजिक आर्थिक विकासमा सङ्घीयताले सिर्जना गरेका अवसर तथा सबल बनाउने उपायहरू | प्रादेशिक अवधारणाको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>• सङ्घीयताको अवधारणा सम्बन्धमा छलफल गराई कक्षामा प्रस्तुत गराउने<br>• सङ्घीयता कार्यान्वयन हुनुअघि र पछि स्थानीय तहमा भएको विकास स्थिति सम्बन्धमा छलफल गराउने<br>• भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी सङ्घीयताको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउने<br>• समूहमा नेपालमा सङ्घीयता कार्यान्यवनका चुनौती र तिनीहरूलाई सामना गर्ने उपायहरू सम्बन्धमा छलफल र बुँदा टिपोट गरी प्रस्तुति र छलफल गराउने | १. विकासको क्षेत्रीय अवधारणा भनेको के हो ?<br>२. सङ्घीयताको परिचय दिनुहोस् ।<br>३. सङ्घीयताका कुनै चार फाइदाहरू लेख्नुहोस् ।<br>४. नेपालमा सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्न के के कुराहरूमा ध्यान दिनुपर्ला ? | |
| | **२.४ नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरू**<br>• राष्ट्रिय गौरवका विकास आयोजनाको परिचय<br>• नेपालका राष्ट्रिय गौरवका विकास | • विकास आयोजनाको परिभाषा सम्बन्धमा छलफल गराई कक्षामा प्रस्तुत गराउने<br>• भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी विकास आयोजनाका प्रकार सम्बन्धमा छलफल गराउने<br>• विभिन्न अध्ययन सामग्रीका आधारमा समूह छलफल गराई एक | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. विकास आयोजना भनेको के हो ?<br>२. विकास आयोजना कति प्रकारका हुन्छन् र ती कुन कुन हुन् ?<br>३. नेपालमा सञ्चालित कुनै आठ राष्ट्रिय गौरवका आयोजनाहरूका | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | आयोजनाहरूको सामान्य जानकारी र प्राप्त हुने उपलब्धिहरू | एक राष्ट्रिय गौरवका विकास आयोजनाहरूको परिचय र महत्त्व सम्बन्धमा बुँदा टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुति र छलफल गराउने<br>• राष्टिय गौरवका विकास आयोजनाका फाइदा सम्बन्धमा उदाहरणसहित छलफल गरी स्पष्ट पारिदिने<br>• समूहमा आफू बसेको प्रदेशका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको समीक्षा तयार गरी कक्षामा प्रदर्शन गराउने | सूची तयार पार्नुहोस् ।<br>४. तपाईंले आफू बसेको प्रदेशमा कुनै दुईओटा राष्ट्रिय गौरवका विकास आयोजनाहरू थप गर्न सिफारिस गर्नु परेमा कुन कुन विकास आयोजना सिफारिस गर्नुहुन्छ, कारणसहित लेख्नुहोस् । | |
| ३.हाम्रा सामाजिक मूल्य मान्यता | **३.१ हाम्रा सम्पदाहरू**<br>• सम्पदाको परिचय र प्रकार र महत्त्व<br>• सम्पदा संरक्षणका उपायहरू<br>• विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको परिचय, महत्त्व संरक्षण र सम्वर्धन गर्ने उपायहरू | • विद्यालय वरपरका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको भ्रमण गराई परिचय र प्रकार सम्बन्धमा छलफल गराउने<br>• भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा सम्बन्धमा थप जानकारी दिँदै तिनीहरूको अवस्था सम्बन्धमा छलफल गराउने<br>• सम्पदा संरक्षणका चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा छलफल गराई कक्षामा प्रस्तुत | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. सम्पदा भनेको के हो, ती कति प्रकारहरू हुन्छन् ?<br>२. नेपालका सम्पदाहरूलाई संरक्षण गर्नु किन आवश्यक छ ? चार बुँदामा लेख्नुहोस् ।<br>३. नेपालका सम्पदाहरू संरक्षण गर्ने कुनै चार उपायहरू लेख्नुहोस् ।<br>४. विश्व सम्पदा सूचीमा सूचीकृत | १४ |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | गराउने र निष्कर्ष दिने<br>• समूहमा सम्पदा संरक्षणका चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा छलफल गरी कक्षामा प्रस्तुति गर्न लगाउने<br>• कक्षालाई पाँच समूहमा विभाजन गरी विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका दुई दुई सम्पदाको परिचय, महत्त्व र प्रवर्धन गर्ने उपायहरू सम्बन्धमा बुँदा सङ्कलन गरी कक्षामा प्रस्तुति र छलफल गराउने<br>• नेपालको नक्सामा विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरू अङ्कित गर्न लगाउने | नेपालका सम्पदाहरूको सूची बनाउनुहोस् ।<br>५. लुम्बिनी क्षेत्रलाई विश्व सम्पदा सूचीमा किन सूचीकृत गरिएको हो ?<br>६. तपाईंले विश्वसम्पदा सूचीमा कुनै दुई नेपालका सम्पदा सूचीकृत गराउन पाउनुभयो भने कुन कुन सम्पदा सूचीकृत गर्नहुन्थ्यो र किन ?<br>७. विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको प्रवर्धन गर्न कुनै चार उपायहरूको सूची बनाउनुहोस् । | |
| | **३.२ हाम्रो लोक तथा शास्त्रीय कला**<br>• नेपालका मुख्य लोकगीत, लोकनृत्य र लोकबाजाहरू<br>- परिचय<br>- महत्त्व<br>- सम्मान<br>- चुनौती र संरक्षणका उपायहरू | • भिडियो (सम्भव नभए अडियो वा फोटो) प्रयोग गरी नेपालका मुख्य लोकगीत, लोकनृत्य र लोकबाजाहरू सम्बन्धमा छलफल गराउने<br>• विद्यार्थीका समुदायमा भएका लोकगीतहरू गाउन र लोकनृत्य प्रदर्शन गर्न लगाउने<br>• लोकगीत, लोकबाजा तथा लोकनृत्यका बिचको आपसी सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. लोकगीत/लोकनृत्य/लोकबाजा भनेको के हो ?<br>२. लोकगीत/लोकनृत्य/लोकबाजाको विशेषताको सूची तयार पार्नुहोस् ।<br>३. कुनै चार प्रकारका लोकगीत/लोकनृत्य/लोकबाजाहरूको परिचय दिनुहोस् ।<br>४. लोकगीत/लोकनृत्य/ | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | • लोकनृत्य र शास्त्रीय नृत्यबिचका भिन्नता सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>• सिकाइ सामग्री अध्ययन गर्न लगाई समूहमा नेपालका लोकगीत, लोकनृत्य र लोकबाजाहरूका महत्त्व, चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा बुँदा टिपोट गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने | लोकबाजाको महत्त्वको सूची बनाउनुहोस् ।<br>५. लोकगीत/लोकनृत्य/लोकबाजाहरू किन सङ्कटमा परेका छन्<br>६. लोकगीत/लोकनृत्य/लोकबाजाहरू संरक्षण गर्ने उपायहरू उल्लेख गर्नुहोस् । | |
| | **३.३ हाम्रा राष्ट्रिय दिवसहरू**<br>• मुख्य राष्ट्रिय दिवस<br>- परिचय र महत्व (संविधान दिवस, गणतन्त्र दिवस, सहिद दिवस, मजदुर दिवस, नारी दिवस, शिक्षा दिवस, बाल दिवस आदि)<br>• राष्ट्रिय दिवसहरू मनाउने तरिका र योजना तयारी | • राष्ट्रिय दिवसको परिभाषा सम्बन्धमा *TPS* गराई केही जोडीलाई कक्षामा प्रस्तुत गराउने ।<br>• भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी नेपालका मुख्य राष्ट्रिय दिवसहरूको परिचय सम्बन्धमा छलफल गराउने<br>• नेपालका मुख्य राष्ट्रिय दिवसहरूको महत्त्व सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>• कुनै एक राष्ट्रिय दिवस मनाउनका लागि कार्य विभाजन र तयारी गरी कक्षामा नमुना प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. राष्ट्रिय दिवस भनेको के हो ?<br>२. हामी राष्ट्रिय दिवस किन मनाउनुपर्दछ ?<br>३. राष्ट्रिय दिवस मनाउने हाल प्रचलित तरिकामा के के सुधार गर्नपर्ला ?<br>४. नेपालमा मनाइने कुनै चार राष्ट्रिय दिवसहरूको मितिसहित सूची तयार पार्नुहोस् ।<br>५. यस वर्षको बालदिवस मनाउनका लागि कार्यक्रम योजना तयार गर्नुहोस् । | |
| | **३.४ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू (नेल्सन** | - भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी नेलसन मण्डेला र | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थी | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | **मन्डेला, मलाला युसफजाई)**<br>- नेलसन मण्डेला र मलाला युसफजाईको जीवनी, समाजमा योगदान र प्राप्त हुने प्रेरणा | मलाला युसफजाई सम्बन्धमा छलफल गराउने<br>- समूहमा विभाजन गरी नेलसन मन्डेला र मलाला युसफजाईका जीवनका विभिन्न पक्षहरू र योगदान सम्बन्धमा बुँदा टिपोट गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- नेलसन मन्डेला र मलाला युसफजाईका सम्बन्धमा इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>- नेलसन मन्डेला र मलाला युसफजाईका जीवनीबाट प्राप्त हुने प्रेरणा सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>- कुनै एक राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्व (नाम दिएर) सम्बन्धमा इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन गरी जीवनी लेख्न लगाउने | मूल्याङ्कन गर्ने :<br>१. अन्तर्राष्ट्रिय स्तरमा योगदान पुऱ्याउने व्यक्तित्वको जीवनी अध्ययन गर्नु किन आवश्यक छ ?<br>२. नेलसन मन्डेलाले गरेका महत्त्वपूर्ण कामहरूको सूची तयार पार्नुहोस् ।<br>३. मलाला युसफजाईको जीवनीबाट तपाईंले प्राप्त गरेको प्रेरणाका सम्बन्धमा बताउनुहोस् ।<br>४. स्थानीय स्तरमा योगदान दिएका कुनै एक व्यक्तिको छोटो जीवनी लेख्नुहोस् । | |
| | **३.५ विश्वबन्धुत्व र मानवता**<br>• विश्वबन्धुत्व र मानवता<br>- परिचय | • विश्वबन्धुत्व सम्बन्धमा पालैपालो समूह छलफल गराई कक्षामा प्रस्तुत गराउने<br>• विश्वबन्धुत्वको पूर्वीय परम्परा र मानवता सम्बन्धमा प्रश्नोत्तर र | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१. विश्वबन्धुत्व भनेको के हो ?<br>२. विश्वग्रामको परिचय दिनुहोस् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | - मानव जीवनमा तिनले पारेको प्रभाव<br>• बदलिँदो विश्व परिवेशमा सामाजिक सांस्कृतिक अन्तरघुलन र मानवीय मूल्य मान्यताको महत्त्व | छलफल गराउने, जस्तैः वसुधैव कुटुम्बकम्<br>• विश्वबन्धुत्व र मानवताको वर्तमान अवस्थाबारे केही घटनाहरू अध्ययन गराई छलफल गराउने<br>• समूहमा मानवता र विश्वबन्धुत्वले मानव जीवनमा पारेको प्रभाव र बदलिँदो विश्व परिवेशमा आवश्यक सामाजिक सिपहरू सम्बन्धमा बुँदा टिपोट गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>• विश्वग्राम र विश्ववन्धुत्व शीर्षकमा निबन्ध लेख्न लगाउने | ३. 'वसुधैव कुटुम्बकम्' को अर्थ बताउनुहोस् ।<br>४. विश्वग्राम र विश्ववन्धुत्वले मानव जीवनमा पारेको प्रभावको सूची बनाउनुहोस् ।<br>५. वर्तमान परिवेशमा विश्वबन्धुत्वको महत्त्व बताउनुहोस् ।<br>६. विश्वबन्धुत्वको अभिवृद्धिका लागि उपयुक्त उपायहरू उल्लेख गर्नुहोस् । | |
| | **३.६ जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व**<br>• जेष्ठ नागरिकको परिचय, भूमिका, सम्मान र सामाजिक दायित्व<br>• नेपालमा जेष्ठ नागरिकसम्बन्धी सामाजिक सुरक्षा | - जेष्ठ नागरिकको परिचय सम्बन्धमा प्रश्नोत्तर र छलफल गराउने<br>- भिडियो, स्लाइड, चित्र वा फोटोको प्रयोग गरी जेष्ठ नागरिकको महत्त्व र नेपालमा जेष्ठ नागरिकसम्बन्धी कानुनी व्यवस्था र सामाजिक दायित्व सम्बन्धमा छलफल गराउने<br>- समूहमा जेष्ठ नागरिक तथा असहाय एवम् अपाङ्गता भएका व्यक्तिहरूप्रतिको दायित्व सम्बन्धमा बुँदा टिपोट गराई कक्षामा प्रस्तुत | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. ज्येष्ठ नागरिकको परिचय दिनुहोस् ।<br>२. कुनै चार बुँदामा ज्येष्ठ नागरिकको महत्त्व लेख्नुहोस् ।<br>३. ज्येष्ठ नागरिकसम्बन्धी के के कानुनी व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।<br>४. असहाय एवम् अपाङ्गता भएका | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | • असहाय एवम् अपाङ्गता भएका व्यक्ति<br>- परिचय<br>- भूमिका<br>- सामाजिक दायित्व | गर्न लगाउने<br>- जेष्ठ नागरिक तथा असहाय एवम् अपाङ्गता भएका व्यक्तिहरूप्रति व्यक्ति र समुदायको भूमिकासम्बन्धी अभिनय गर्न लगाउने | व्यक्तिहरू र हाम्रो दायित्व' शीर्षकमा एउटा छोटो भाषण तयार पार्नुहोस् । | |
| ४.सामाजिक समस्या र समाधान | ४.१ सामाजिक समस्याहरू: पहिचान, असर र समाधान<br>• मानव बेचविखन<br>• यौन विकृति र विसङ्गतिहरू<br>• घरेलु हिंसा<br>• भ्रष्टाचार<br>• केही प्रथाजनित अन्धविश्वास<br>- घुम्टो<br>- छाउपडि<br>- दाइजो/तिलक | - समाजमा रहेका विभिन्न समस्याहरूको पहिचान गरी सूची तयार गर्न लगाउने<br>- मानव वेचविखन, घरेलु हिंसा, यौन विकृति र विसङ्गति,स्रोत साधनको दोहन र भ्रष्टाचारको अवधारणा र समाजमा पार्ने असर सम्बन्धमा चित्र प्रदर्शन, छलफल, कथा कविता आदि मार्फत प्रस्तुतीकरण गर्न लगाउने<br>- मानव वेचविखन, घरेलु हिंसा, स्रोत साधनको दोहनको नियन्त्रण र भ्रष्टाचारको समाधानका उपायहरू सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने ।<br>- मानव वेचविखन, घरेलु हिंसा, स्रोतसाधनको दोहन र भ्रष्टाचार विरुद्धको चित्र वा पोस्टर तयार पार्न लगाई कक्षामा प्रदर्शन गर्न | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१. मानव बेचविखन सामाजिक अपराध हो ? किन ?<br>२. स्रोतसाधनको दोहनले समाजमा पार्ने असर सम्बन्धमा सूची तयार पार्नुहोस् ।<br>३. घुम्टो प्रथाले समाजमा पार्ने असरहरू के के हुन ? लेख्नुहोस ।<br>४. छाउपडि प्रथालाई हटाउन अपनाउन सकिने कुनै व्यवहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् ।<br>५. विद्यार्थीले तयार पारेको चित्र वा पोस्टरलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>(क) डिजाइन<br>(ख) सन्देश | १२ |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | लगाउने ।<br>- विभिन्न प्रथाहरूको परिचय र तिनले समाजमा पार्ने असर सम्बन्धमा ब्रेनस्टोर्मिङ गर्न लगाउने<br>- ती प्रथाको निराकरणमा विभिन्न निकायहरूको भूमिका सम्बन्धमा जोडी जोडीमा अन्तरक्रिया गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने । | (ग) प्रस्तुति<br>(घ) विषयवस्तुसँगको तादात्म्यता | |
| | ४.२ सामाजिक समस्या पहिचान र समस्या समाधानको सिप<br>• समस्या पहिचान<br>• विकल्पको छनोट<br>• विकल्पको विश्लेषण<br>• सही विकल्पको छनोट<br>• कार्यान्वयन | - समस्या पहिचान र समस्या समाधान सम्बन्धमा विभिन्न घटनाहरू बनाएर प्रस्तुत गर्ने<br>- समस्या समाधानका चरणहरूमा अभ्यास गराउने<br>- समस्या समाधानलाई जीवनपद्धतिका रूपमा विकास गराउन अभिप्रेरित गर्ने अभ्यास गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१ कसरी समस्या समाधान गर्न सकिन्छ ?<br>२. समस्या समाधानका व्यावहारिक उपायहरू के के हुन् ? | |
| | ४.३ सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाले खेलेको भूमिका<br>• युनिसेफ<br>• संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, आइएलओ<br>• ट्रान्सपरेन्सी | - सामाजिक सुधारमा संलग्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको सूची तयार पार्न लगाउने<br>- सामाजिक सुधारमा संलग्न विभिन्न अन्तर्राष्टिय सङ्घसंस्थाको छोटो परिचय र योगदान उल्लेख भएको चार्ट वा तालिका प्रस्तुति गरी र | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने<br>१ सामाजिक सुधारमा युनिसेफले खेलेको भूमिका उल्लेख गर्नुहोस् ?<br>२. आइएलओ सुधारमा सक्रिय संस्था हो, कसरी ? | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | इन्टरनेसनल आदि) | छलफल गराउने | | |
| ५. नागरिक चेतना | ५.१ राज्यका प्रमुख तीन अङ्गहरू<br>• सङ्घीय व्यवस्थापिका, संघिय कार्यपालिका र न्यापालिकाको परिचय र कार्यहरू र अन्तरसम्वन्ध | - विभिन्न चित्र चार्ट तालिका देखाउँदै राज्यका प्रमुख तीन अङ्गहरूको परिचय, कार्य र अन्तरसम्वन्ध उल्लेख गर्ने<br>- शक्ति सन्तुलन र नियन्त्रण (कार्यपालिका, न्यापालिका र व्यवस्थापिका) को अवधारणा र महत्त्व सम्बन्धमा समूहगत रूपमा छलफल, अन्तरक्रिया गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- शक्ति सन्तुलन र नियन्त्रण सम्बन्धमा जानकार व्यक्तिलाई आमन्त्रण गरी स्रोत कक्षा लिन लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने<br>१ कार्यपालिकाका कार्यहरू लेख्नुहोस् ?<br>२. शक्ति सन्तुलन र नियन्त्रणलाई परिभाषित गर्नुहोस् ?<br>३. कानुन बनाउने निकाय भन्नाले राज्यको कुन अङ्गलाई चिनिन्छ ? | १८ |
| | ५.२ राजनीतिक दल<br>- परिचय<br>- भूमिका र जिम्मेवारी | - विद्यार्थीलाई आफूलाई थाहा भएका राजनीतिक दलहरूको नाम भन्न लगाउने<br>- ती राजनीतिक दलको परिचय र भूमिका के हो भन्ने सम्बन्धमा छलफल गराउने<br>- राजनीतिक दल प्रजातन्त्र, मानवअधिकार र स्वतन्त्रताका संरक्षण हुन भन्ने सम्बन्धमा समाचारको | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने<br>१ हाल राष्ट्रिय मान्यता प्राप्त दलहरूको सूची तयार पार्नुहोस् ?<br>२. राजनीतिको भूमिका सम्बन्धमा एक पृष्ठ लामो लेख तयार पार्नुहोस् ? | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | सम्पादकीय तयार पार्न लगाउने<br>- नेपालका राष्ट्रिय मान्यता प्राप्त दल, उनीहरूको परिचय, ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था आदि खोजी गरी प्रतिवेदन तयार गर्ने गरी परियोजना कार्य गराउने | | |
| | ५.४ निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका | - निर्वाचन प्रक्रिया सम्बन्धमा स्लाइड वा चार्टमार्फत छोटो प्रस्तुतीकरण दिने<br>- निर्वाचनमा नागरिकले खेल्नुपर्ने (निर्वाचन पूर्व, निर्वाचनको समयमा र निर्वाचनपश्चात्) को भूमिका सम्बन्धमा नाटकीकरण गराई छलफल गराउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१ निर्वाचन स्वस्छ र निष्पक्ष हुनुपर्दछ ? यस भनाईलाई पुष्टि गर्नुहोस् ।<br>२. निर्वाचनपश्चात् नागरिकले कस्तो भूमिका खेल्नुपर्दछ ? | |
| | ५.५ मानव अधिकार<br>• अवधारणा र महत्त्व<br>• मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रका मुख्य प्रावधानहरू<br>• नेपालमा मानव अधिकार संरक्षणमा भएका गतिविधिहरू | • विभिन्न उदाहरण, चित्र, सन्दर्भमार्फत मानव अधिकारको अवधारणा स्पष्ट पार्ने<br>• मानव अधिकारको आन्दोलनका अग्रणी व्यक्तित्व इलेनोर रुजवेल्टको योगदान सम्बन्धमा खोजी गरी कक्षामा भन्न लगाउने<br>• मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लिखित अधिकारहरूको पहिचान गर्न | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न :<br>१. मानवअधिकार भनेको के हो ?<br>२. महिला अधिकार भित्र कस्ता कस्ता अधिकारहरू पर्दछन् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | लगाउने<br>• महिला अधिकारको अवधारणा र यसको आवश्यकता एवम् नेपालमा यस सम्बन्धमा भएका संस्थागत र नीतिगत व्यवस्था सम्बन्धमा चित्र, चार्ट, तालिका उदाहरण आदिका माध्यमबाट स्पष्ट पार्ने<br>• नेपालमा मानव अधिकारको अवस्था सम्बन्धमा कक्षामा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने | | |
| | ५.६ मानव अधिकार संरक्षणमा विभिन्न संस्था वा निकायको भूमिका | • मानव अधिकार संरक्षणमा संलग्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूको सूची तयार पार्न लगाउने<br>• मानव अधिकार संरक्षणमा संलग्न विभिन्न निकायहरूको परिचय र भूमिका खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :<br>१ मानव अधिकार संरक्षणमा संलग्न निकायहरूको सूची तयार पार्नुहोस । | |
| | ५.७ उपभोक्ता अधिकार<br>• परिचय<br>• महत्त्व<br>• सचेतना र व्यावहारिक अभ्यास | • उपभोक्ता अधिकारको परिचय र महत्त्व सम्बन्धमा समूह समूहमा छलफल गर्न लगाउने<br>• उपभोक्ता अधिकार र सचेतना सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता | तलका जस्तै प्रश्नहरू तथा क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने :<br>१ उपभोक्ता शिक्षाको परिचय दिनुहोस् ? | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | गर्न लगाई अधिकारप्रति सचेत गराउने | २. उपभोक्ता अधिकारप्रति किन सचेत रहनु पर्दछ ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् । | |
| ६.हाम्रो पृथ्वी | ६.१ विश्वको हावापानी<br>● विश्वको हावापानीमा प्रभाव पार्ने तत्वहरू<br>● विश्वको हावापानीका प्रकार<br>- उष्ण प्रदेशीय, समशीतोष्ण प्रदेशीय र शीत प्रदेशीय हावापानी<br>- विश्वको हावापानी र धरातलीय विविधताबाट वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पर्ने प्रभाव | ● ग्लोव, नक्सा, स्लाइड आदिको प्रयोगबाट विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू सम्वन्धमा अन्तरक्रिया, प्रश्नोत्तर, खोज आदि विधिको प्रयोग गरी छलफल गराई निष्कर्ष प्रस्तुत गर्ने<br>● उष्ण प्रदेशीय, समशीतोष्ण प्रदेशीय र शीत प्रदेशीय हावापानीको अवस्था झल्कने चार्ट प्रस्तुत गरी छलफल गर्ने<br>● विभिन्न प्रकारका हावापानी पाइने क्षेत्र, विशेषता र जनजीवनमा पारेको प्रभाव सम्बन्धमा समूहगत रूपमा खोजी गरी प्रस्तुत गर्न लगाउने<br>● विश्वको वनस्पति र जीवजन्तु एवम् हावापानीको प्रभावको सम्वन्धमा छलफल, अन्तरक्रिया गर्ने<br>● भूमध्यरेखीय, समशीतोष्ण, मौसमी क्षेत्रको हावापानी वा धरातलीय विविधताबाट जनजीवनमा परेको प्रभाव उदाहरण दिई प्रस्ट पार्ने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>(क) उष्णप्रदेशीय हावापानीका क्षेत्रहरू उल्लेख गर्नुहोस् ।<br>(ख) शीत प्रदेशमा पाइने विभिन्न हावापानीहरूका विशेषता उल्लेख गर्नुहोस् ।<br>(ग) विश्वमा पाइने वनस्पति र जीवजन्तुको सूची/तालिका बनाई देखाउनुहोस् ।<br>(घ) हावापानी र धरातलीय विविधताबाट जनजीवनमा पर्ने प्रभावका कुनै चार उदाहरणसहित प्रस्ट पार्नुहोस् । | १८ |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | ६.२ उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेश<br>● भौगोलिक अवस्था<br>● सामाजिक र आर्थिक क्रियाकलाप<br>● उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजिवनबिच तुलना | - ग्लोब, नक्सा, स्लाइड आदिको प्रयोग गरी उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिका सम्बन्धमा प्रश्नोत्तर, छलफल वा खोज गर्न लगाई निष्कर्ष पस्तुत गर्न लगाउने<br>- उत्तर र दक्षिण अमेरिका एवम् अफ्रिकाका सामाजिक र आर्थिक क्रियाकलाप सम्बन्धमा समूह समूहमा रही छलफल गर्ने र समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- विभिन्न चित्र, उदाहरण, नक्सामार्फत उत्तर र दक्षिण अमेरिका एवम् अफ्रिकाको नेपालसँग प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनसँग तुलना गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>(क) उत्तर अमेरिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस् ।<br>(ख) दक्षिण अमेरिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस् ।<br>(ग) उत्तर अमेरिका र नेपालबिचको प्राकृतिक सम्पदा र सामाजिक आर्थिक जनजीवनको तुलना गर्नुहोस् । | |
| | ६.३ प्राकृतिक प्रकोप : भूकम्प<br>● कारण<br>● तिनको असर<br>● सुरक्षित रहने उपाय | - स्थानीय स्तरमा हुने गरेका वा विद्यार्थी देखे भोगेका आधारमा प्राकृतिक प्रकोपको सूची तयार पार्न लगाउने<br>- भूकम्प, यसका कारण र यसबाट बच्ने उपाय सम्बन्धमा चित्र, भिडियो वा सिमुलेसन अभ्यासमार्फत स्पष्ट पार्ने | निम्न प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१ भूकम्प जाने कारणहरूको चर्चा गर्नुहोस् ।<br>२ भूकम्पबाट सुरक्षित र हने उपायहरू उल्लेख गर्नुहोस् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | - ज्वालामुखीको परिचय दिँदै यसका कारण र असर एवम् सुरक्षित रहने उपाय सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्न लगाउने । | | |
| | ६.४ नक्सा कार्य<br>• नक्सा उतार्ने विधि/तरिका<br>• नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिहरू (जिआइएस, जिपिएस् र गुगल अर्थ) | - विभिन्न किसिमका नक्सा उतार्ने विधिको प्रयोगात्मक अभ्यास गराउँदै नेपाल तथा विश्वको नक्सामा विभिन्न तथ्यहरू उपयुक्त सङ्केतसहित भर्न लगाउने<br>- नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिहरू जिआइएस, जिपिएस र गुगल अर्थलगायत अन्य विधिहरूको सामान्य परिचय दिने र यी प्रविधिको व्यावहारिक उपयोगिता सम्बन्धमा छलफल गरी व्यावहारिक प्रयोगसमेत गराउने । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१ विश्वको नक्सामा हिमाल, मुख्य सहर, नदी, ताल भर्न लगाई मूल्याङ्कन गर्ने | |
| ७ . हाम्रो विगत | ७.१ २००७ सालको क्रान्ति<br>• पृष्ठभूमि र कारण<br>• दिल्ली सम्झौता | - २००७ सालको क्रान्तिका पृष्ठभूमि, कारण र जनसहभागिताबारे छलफल गराउने<br>- दिल्ली सम्झौताका बुँदाहरूका बारेमा एउटा वादविवाद गराउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. २००७ सालको क्रान्तिका कारणहरू उल्लेख गर्नुहोस् ?<br>२. २००७ सालको क्रान्ति कसरी अन्त्य भएको थियो ? | १४ |
| | ७.२ प्रजातान्त्रिक व्यवस्थाको एक दशक | - वि. सं. २००७ सालदेखि २०१७ सालसम्मको प्रमुख राजनीतिक | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् : | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | (२००७-२०१७)<br>• घटनाक्रम<br>• सामाजिक तथा आर्थिक प्रभाव<br>• राजनीतिक दलमाथिको प्रतिबन्ध र पञ्चायती व्यवस्थाको उदय | घटनाक्रमहरूको सूची तयार गरी छलफल गराउने<br>- २०१७ सालमा भएको पञ्चायती व्यवस्थाको उदयका बारेमा छलफल गराउँदै राजनीतिक दलमाथिको प्रतिबन्धका बारेमा परिचय गराउने<br>- वि. सं. २००७ सालदेखि २०१७ सालसम्मका प्रमुख राजनीतिक घटनाक्रमहरू उल्लेख गरी समय रेखा निर्माण गराउने | १. वि. सं. २००७ साल देखि २०१७ सालसम्मको प्रमुख राजनीतिक घटनाक्रमहरूको सूची तयार गर्नुहोस् ?<br>२. पञ्चायती व्यवस्थाका उदय हुनाका कारणहरू उल्लेख गर्दै प्रतिबन्ध लगाइएका राजनीतिक दलहरूको सूची तयार गर्नुहोस् । | |
| | ७.३ वि. सं. २०१७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाहरू र प्रभाव<br>• वि.सं.२०१७–२०४६ सम्म<br>- राजनितिक घटनाक्रम<br>- प्रभाव<br>• वि.सं.२०४६–२०६३ सम्म<br>- राजनितिक घटनाक्रम<br>- प्रभाव | - वि. सं. २०१७ देखि .सं.२०४६ सम्मको प्रमुख राजनीतिक घटनाहरूको जानकारी गराउने<br>- वि. सं. २०१७ देखि .सं.२०४६ सम्मको प्रमुख राजनीतिक घटनाहरू आधारित भई समयरेखा निर्माण गर्न लगाउने<br>- वि. सं. २०४६ सालको पहिलो जनआन्दोलन र बहुदलीय व्यवस्थाको पुनःस्थापनाबारे छलफल गराउने<br>- वि. सं. २०४६ देखि .सं.२०७४ सम्मका प्रमुख राजनीतिक घटनाहरूमा आधारित भई समयरेखा | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१ वि. सं. २०१७ देखि सं.२०४६ सम्मका प्रमुख राजनीतिक घटनाहरूको सूची तयार गर्नुहोस् ।<br>२ वि. सं. २०१७ देखि .सं.२०४६ सम्मका प्रमुख राजनीतिक घटनाहरू आधारित भई समयरेखा निर्माण गर्नुहोस् ।<br>३ वि. सं. २०४६ सालको बहुदलीय व्यवस्थाको पुनःस्थापना हुनुका कारणहरू के के हुन् उल्लेख गर्नुहोस् ?<br>४ जनआन्दोलन २०४६ का उपलब्धिको सूची तयार गर्नुहोस् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | • वि.सं.२०६३ देखि हालसम्म<br>- राजनितिक घटनाक्रम<br>- प्रभाव | निर्माण गर्न लगाउने<br>- वि. सं. २०४६ र वि. सं. २०६२/६३ को आन्दोलनका उपलब्धिका बिचमा समानता र भिन्नताका बारेमा छलफल गराउने ।<br>- दोस्रो जनआन्दोलनपछि नेपाली समाजमा परेको सामाजिक र आर्थिक प्रभावका बारेमा छलफल गराउने<br>- दोस्रो जनआन्दोलनपछि हालसम्म भए गरेका आर्थिक एवम् सामाजिक प्रभाव तालिका बनाई प्रस्तुत गर्न लगाउने | ५ वि. सं. २०४६ देखि सं. २०७४ सम्मका प्रमुख राजनीतिक घटनाहरू आधारित भई समयरेखा निर्माण गर्न गर्नुहोस् । | |
| | ७.४ प्रथम र दोस्रो विश्वयुद्ध<br>• कारणहरू<br>• परिणामहरू<br>• नेपालीको भूमिका | - पहिलो विश्वयुद्धका कारणहरूलाई सूचीबद्ध गरी छलफल गराउने<br>- प्रथम विश्वयुद्धका भई सकेपछि यसको प्रभाव विश्वभरि कस्तो पऱ्यो, त्यसका परिणामहरू कस्ता निस्किए, त्यसबारेमा बताइदिने ।<br>- प्रथम विश्वयुद्धमा घटेका प्रमुख घटनाहरू र मिति उल्लेख गरी समय रेखा निर्माण गर्न लगाउने ।<br>- दोस्रो विश्वयुद्ध र कारणहरू सूचीबद्ध | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) प्रथम विश्वयुद्धका कारणहरूलाई सूचीबद्ध गर्नुहोस् ।<br>(ख) प्रथम विश्वयुद्धपछि के कस्ता परिणामहरू निस्किए, छलफल गर्नुहोस् ।<br>(ग) दोस्रो विश्वयुद्धका कारण र परिणामहरूलाई सूचीबद्ध गर्नुहोस् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | | गरी छलफल गराउने<br>- विश्वको राजनीतिक नक्सामा द्वितीय विश्वयुद्धमा संलग्न राष्ट्रहरू, प्रमुख घटना भएका स्थानहरू नक्सामा भर्न लगाई सबैले देख्ने ठाउँमा टाँस्न लगाउने<br>- दोस्रो विश्वयुद्ध भई सकेपछि निस्किएका परिणामबारे छलफल गराउने । साथै दुवै विश्वयुद्धमा नेपालीले खेलेको भूमिकालाई बताइदिने । | | |
| | ७.५ आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको पहिचान, संरक्षण र संवर्धन | • ऐतिहासिक स्थल एवम् स्मारकहरूको पहिचान, संरक्षण र संवर्धन गर्न के कस्ता उपायहरू गर्नुपर्छ त्यसबारेमा छलफल गर्न लगाउने त्यसपछि समूहमा विभाजन गरी प्रत्येक समूहलाई ऐतिहासिक स्थलहरूको नाम सूचीबद्ध गर्न लगाएर संरक्षण र संवर्धनको विवरण चार्टपेपरमा तयार गरी प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्न र क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१. आफ्नो टोलछिमेक वा आफू बसोबास गर्ने क्षेत्रमा भएका ऐतिहासिक स्मारकहरूको खोजी गरी त्यसको संरक्षण र संवर्धनमा के कस्ता कदमहरू चाल्नुपर्ला, चार्टपेपरमा उल्लेख गर्नुहोस् । | |
| ८.आर्थिक क्रियाकलाप | ८.१ ऊर्जा र आर्थिक समृद्धि<br>• अवधारणा | • नेपालमा जलविद्युत्को अवस्था, सम्भावना र समस्याहरूका सम्बन्धमा विभिन्न स्रोत, सामग्री, | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>(१) नेपालमा जलविद्युत्को विकास गर्न | १५ |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | • देशको आर्थिक एवम् सामाजिक विकासमा उर्जाको महत्त्व<br>• सम्भावना | तथ्याङ्क, उदाहरणका आधारमा छलफल गराई सङ्क्षिप्त विवरण प्रस्तुत गर्न लगाउने<br>• देशको आर्थिक सामाजिक विकासमा उर्जाको महत्त्व सम्बन्धमा कुनै स्थानीय पत्रिकामा छपाउने गरी सम्पादकीयको नमुना तयार पार्नुहोस । | सकिने वर्तमान अवस्था, संभावना र चुनौती समेटेर एउटा लेख तयार पार्नुहोस् । | |
| | ८.२ पर्यटन र आर्थिक विकास<br>• अवधारणा<br>• महत्त्व<br>• सम्भावना पर्यटन प्रवर्धनका उपायहरू | • पर्यटनको परिचय र आवश्यकता सम्बन्धमा विद्यार्थीहरूको मस्तिष्क मन्थन गराई विचारहरू सङ्कलन गर्ने र थप्नुपर्ने केही विचारहरू भए शिक्षकले थप गर्दै स्पष्ट पार्ने<br>• पर्यटनको सम्भावना र चुनौती सम्बन्धमा समूहगत रूपमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>• स्थानीय स्तरमा पर्यटन प्रवर्धन गर्न सकिने क्षेत्र पहिचान र उपायहरू सम्बन्धमा छलफल गर्न लगाई योजनाको नमुना प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१ पर्यटनको परिचय र महत्त्व उल्लेख गर्नुहोस् ।<br>२ पर्यटनको सम्भावना र चुनौतीहरूको सूची तयार पार्नुहोस् । | |
| | ८.३ रोजगारी<br>• परिचय<br>• स्वदेशी र वैदेशिक | • स्वदेशी र वैदेशिक रोजगारीको परिचय, र स्वदेशमै रोजगारी सिर्जनाका उपायहरू सम्बन्धमा | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. स्वदेशमा रोजगारी सिर्जनाका | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | रोजगारी<br>• स्वदेशमै रोजगारी सिर्जनाका उपायहरू<br>• वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभाव<br>• वैदेशिक रोजगारीका लागि गर्नुपर्ने पूर्व सावधानी | छलफल गरी निष्कर्ष बताइदिने<br>• वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभाव सम्बन्धमा समूह समूहमा छलफल गरी कक्षामा प्रस्तुतीकरण गर्न लगाउने<br>• वैदेशिक रोजगारीसम्बन्धी पूर्व सावधानी सम्बन्धमा विभिन्न घटनाहरू तयार पारी छलफल गर्न लगाउने | उपायहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।<br>२. वैदेशिक रोजगारीमा जाँदा के कस्ता पूर्वसावधानीहरू अपनाउनुपर्दछ, चर्चा गर्नुहोस् । | |
| | ८.४ वित्तीय शिक्षा र वितिय उपकरण<br>• वित्तीय शिक्षाको परिचय र महत्व<br>• वित्तीय उपकरण<br>- बैङ्किङ प्रणाली (खाताका प्रकार र उपयोग, ई-बैङ्किङ)<br>- सहकारी (परिचय, आवश्यकता, उपयोग र जीवन पद्धतिमा प्रभाव)<br>- बचत परिचय र महत्व<br>- सेयर परिचय र | - वित्तीय शिक्षाको परिचय र महत्त्व सम्बन्धमा जोडी जाडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- वित्तीय उपकरणको परिचय र यसका प्रकारहरू सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- बैङ्किङ प्रणालीका सम्बन्धमा विभिन्न सामग्री, उदाहरण आदि प्रस्तुत गर्दै छलफल, प्रश्नोत्तर, खोज विधि आदि प्रयोग गरी बैङ्क खाता र उपयोग एवम् ई-बैङ्किङ सम्बन्धमा स्पष्ट पार्ने<br>- सहकारीको परिचय, यसको आवश्यकता, यसको उपयोग र जीवन पद्धतिमा पार्ने प्रभावका | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने<br>१. तपाईको परिवार/समुदायमा सहकारीको सदस्य हुँदा परेका सकारात्मक प्रभावहरू खोजी गरी चार बुँदामा प्रस्तुत गर्नुहोस् ।<br>२. तपाईंको परिवारले बैकिङ प्रणाली वा विमा वा शेयर आदिको उपयोग गर्दाका फाइदा र जोखिम के के हुन सक्छन् ?<br>३. सहकारीले जीवन पद्धतिमा पार्ने प्रभावहरू उल्लेख गर्नुहोस् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | महत्व<br>- बिमा परिचय र महत्व | सम्बन्धमा सहकारीसम्बन्धी जानकार व्यक्तिलाई आमन्त्रण गरी स्रोत कक्षा लिन लगाउने<br>- त्यसैगरी बचत, बिमा र सेयरको परिचय, फाइदा र जोखिमका सम्बन्धमा विभिन्न उदाहरण सन्दर्भसहित स्पष्ट पार्ने | | |
| | ८.५ कर (Tax) :<br>- परिचय र प्रकार<br>- महत्त्व<br>- दायित्व | • कर (Tax) को परिचय, प्रकार र नागरिकले राज्यलाई तिर्नुपर्ने करको महत्त्व सम्बन्धमा विभिन्न स्रोत, सामग्री, उपकरण प्रयोग गरी प्रस्ट पार्ने<br>• कर तिर्नु नागरिकको दायित्व हो भन्ने विषयवस्तुमा आधारित भई समूहगत प्रतिनिधित्व हुनेगरी वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. कर भनेको के हो, यो कति प्रकारको हुन्छ ? नागरिकले किन कर तिर्नुपर्छ ?<br>२. वक्तृत्वकलाका समूहलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>• विषयवस्तुको प्रस्तुति<br>• वाक्पटुता<br>• तार्किकता<br>• निष्कर्ष | |
| | ८.६ आवधिक योजना<br>• आवधिक योजनाको परिचय, चालु योजनाका लक्ष्य, कार्यक्रम)<br>• स्थानीय योजनाको | • विभिन्न उदाहरण, चार्ट स्लाइडमार्फत आर्थिक योजनाको अवधारणा स्पष्ट पार्ने<br>• परिवारको आर्थिक योजनासँग जोडेर नेपालको आर्थिक योजना, लक्ष्य र कार्यक्रम विभिन्न उदाहरण, | निम्न प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालको आर्थिक योजनाको परिचय दिनुहोस् ।<br>२. विद्यार्थीले तयार पारेको पारिवारिक आर्थिक योजनाको ढाँचालाई निम्न | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | परिचय | छलफलबाट स्पष्ट पार्ने<br>• पारिवारिक आर्थिक योजनाको ढाँचा तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• स्थानीय स्तरमा बन्ने योजना सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने । | आधारमा मूल्याङ्कन गर्ने<br>- समावेश गरिएका विषयवस्तु<br>- उपयुक्त ढाँचाको अवलम्बन<br>- विषयवस्तुको प्रस्तुतीकरण<br>- पारिवारिक सहयोग र सहकार्य | |
| ९.हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ९.१ नेपालको परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्त<br>• परिचय<br>• महत्त्व | - नेपालको परराष्ट्र नीतिको परिचय गराउँदै परराष्ट्र नीतिलाई बुँदागत रूपमा छलफल गराउने<br>- पञ्चशीलका सिद्धान्त परिचय दिने र पञ्चशीलका सिद्धान्तहरू बताई दिने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१ नेपालको परराष्ट्र नीति कस्तो रहेको छ, उल्लेख गर्नुहोस् ।<br>२ पञ्चशीलका सिद्धान्तलाई बुँदागत रूपमा लेख्नुहोस् ? | ११ |
| | ९.२ संयुक्त राष्ट्रसङ्घ<br>• संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू<br>• संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्था र नेपालमा तिनको योगदान | - संयुक्त राष्ट्रसङ्घ परिचय दिने र संयुक्त राष्ट्रसङ्घ भित्रका अङ्गहरूका बारेमा छलफल गराउने<br>- संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको भूमिका बारे बताइदिने<br>- संयुक्त राष्ट्रसङ्घले नेपालमा के कस्ता गतिविधिहरू सञ्चालन गरिरहेको छ, त्यसलाई सूचीबद्ध गराइदिने | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१ संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत निकायहरू कुन कुन हुन् ? त्यसमध्ये कुनै एकको सङ्क्षिप्त परिचय गराउनु होस् ?<br>२ संयुक्त राष्ट्रसङ्घले नेपालमा के कस्ता गतिविधिहरू सञ्चालन गरिरहेको छ, त्यसलाई सूचीबद्ध गर्नुहोस् ? | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | ९.३ स्थानीयकरण र विश्वव्यापिकरण<br>• अवधारणा,<br>• महत्त्व<br>• विश्वव्यापीकरणका आयामहरू | स्थानीयकरणको परिचय दिने र विश्व व्यापीकरणको अवधारणा र महत्त्वका बारेमा प्रकाश पार्दै विश्वव्यापीकरणका स्रोतहरूबाट हुने फाइदाहरूलाई उल्लेख गर्दै एउटा नमुना समाचार तयार गर्न लगाउने | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१ स्थानीयकरण र विश्वव्यापीकरण भनेको के हो ? परिचय दिनुहोस् ।<br>२ स्थानीयकरणका सकारात्मक र नकारात्मक पक्षको चर्चा गर्नुहोस् ? | |
| | ९.४ सूचना तथा संचार प्रविधि र सामाजिक सञ्जाल<br>• प्रयोग<br>• सदुउपयोग<br>• सुरक्षात्मक उपायहरू | • नेपालमा सूचना तथा सञ्चार प्रविधिमा सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न घटनाहरू र उदाहरणहरू र सामाजिक सञ्जालको सदुपयोग गर्ने उपायहरू प्रस्तुत गर्दै अवलोकन प्रश्नोतर, व्याख्यान, खोज र छलफल विधिद्वारा नेपालमा सामाजिक सञ्जालको अपराध र यस सम्बन्धमा भएका कानुनी व्यवस्था सम्बन्धमा प्रस्ट पार्ने सूचना तथा सञ्चारमा सामाजिक सञ्जालको जथाभावी प्रयोगसँग सम्बन्धित समाचार, चित्र, सम्पादकीय आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्न लगाउने | निम्नलिखित प्रश्न र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>१ सामाजिक सञ्जाल भनेको के हो ? परिचय दिनुहोस् ?<br>२. नेपालमा साजिक सञ्जालको जथाभावी प्रयोगबाट उत्पन्न समस्यालाई नियन्त्रण गर्न के कस्ता प्रयास भएका छन् ? | |
| | ९.५ विश्वमा घटेका समसामयिक घटना र तिनको प्रभाव<br>• शैक्षिक | विश्वमा घटेका समसामयिक घटनालाई टिपोट गर्न लगाउने र त्यसबाट उत्पन्न समस्या समाधान र तिनको प्रभावबारे | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) समसामयिक घटना भन्नाले के | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | • खेलकुद<br>• विज्ञान तथा प्रविधि र वातावरण<br>• कला साहित्य<br>• स्वास्थ्य<br>• विपत् व्यवस्थापन<br>• राजनीति आदि | छलफल गराउने जलवायु परिवर्तनका कारण, प्रभाव र रोक्ने उपायबारे अन्तरक्रिया कार्यक्रम गरी एउटा प्रतिवेदन तयार गर्न लगाउने | बुझिन्छ ? वर्तमान विश्वका समसामयिक घटनाहरूको सूची बनाउनुहोस् ?<br>२ स्वच्छ वातावरण कायम गर्न नेपालमा के कस्ता प्रयासहरू भएका छन् ? सूची निर्माण गर्नुहोस् । | |
| १०. हाम्रो जनसङ्ख्या र व्यवस्थापन | १०.१ नेपालको जनसङ्ख्या<br>• आकार<br>• बनोट<br>• वितरण | - नेपालको जनसङ्ख्या आकार र बनोट सम्बन्धी विभिन्न चार्ट वा तालिका प्रस्तुति र छलफल गर्न लगाउने<br>- जनसङ्ख्याको बनोटलाई ग्राफ वा चार्टमा प्रस्तुत गर्न लगाउने<br>- विगत र हालको जनसङ्ख्या आकार,बनोट र बितरणको प्रवृत्ति पत्ता लगाउन लगाउने | निम्न प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. नेपालको जनसङ्ख्याको आकारको वर्णन गर्नुहोस् ।<br>२. हिमाली प्रदेशमा कति प्रतिशत मानिसहरू बसोबास गर्छन् ?<br>३. नेपालका धर्मअनुसारको जनसङ्ख्या वितरणलाई तालिकामा देखाउनुहोस् । | ८ |
| | १०.२ पारिवारिक योजना र गुणस्तरीय जीवन<br>• परिचय र महत्त्व<br>• गुणस्तरीय जीवनका आधारहरू<br>• सन्तानको भरणपोषण र शिक्षादीक्षा | - पारिवारिक योजनाको परिचय महत्त्व झल्कने गीत वा कविता प्रस्तुत गरी विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्ने<br>- पारिवारिक योजना तयार गर्दा सन्तानको भरणपोषण र वृद्धवृद्धाप्रतिको दायित्व बोध हुने उदाहरण चित्र आदिको प्रस्ततिकरण र छलफल गर्ने । | निम्न प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. पारिवारिक योजना भनेको के हो ?<br>२. पारिवारिक योजना र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्धको उदाहरणसहित पुष्टि गर्नुहोस् । | |

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| | १०.३ जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध<br>• जनसङ्ख्या र वातावरण<br>• सामुदायिक स्वास्थ्य र वातावरण<br>• स्वस्थ्य जीवनशैली र आहारविहार | - जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध उदाहरणसहित स्पष्ट पार्ने<br>- जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध सम्बन्धमा सम्पादकीयको नमुना तयार पार्न लगाउने<br>- सामुदायिक स्वास्थ्य र वातावरणको परिचय महत्त्व र अन्तरसम्वन्धको छलफल र निष्कर्ष प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध बुँदागत रूपमा स्पष्ट पार्नुहोस् । | |
| | १०.४ विश्वमा जनसङ्ख्याको अवस्था, वृद्धिदरको प्रवृत्ति र वृद्धिदरको नेपालसँग तुलना | - विश्वमा जनसङ्ख्याको अवस्था, वृद्धिदरको प्रवृत्ति र वृद्धिदरको नेपालसँग तुलनाको चार्ट वा तालिका प्रस्तुति र छलफल गर्ने | निम्नलिखित प्रश्नहरू र क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्ने :<br>१. विश्वको जनसङ्ख्या हाल कति छ ? | |

## ५. एकाइगत पाठ्यभार वितरण तालिका

| एकाइ शीर्षक | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| | घण्टा | घण्टा |
| १. हामी र हाम्रो समाज | ८ | ८ |
| २. विकास र विकासका पूर्वाधार | १० | १० |
| ३. हाम्रा सामाजिक मूल्यमान्यता | १४ | १४ |
| ४. सामाजिक समस्या र समाधान | १२ | १२ |
| ५. नागरिक चेतना | १८ | १८ |
| ६. हाम्रो पृथ्वी | १८ | १८ |
| ७. हाम्रो विगत | १४ | १४ |
| ८. हाम्रा आर्थिक क्रियाकलाप | १५ | १५ |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ११ | ११ |
| १०. जनसङ्ख्या र यसको व्यवस्थापन | ८ | ८ |
| जम्मा | १२८ | १२८ |

## ६. सम्भाव्य परियोजना/प्रयोगात्मक कार्य

**एकाइ १. हामी र हाम्रो समाज**

१. तपाईंको समुदायको अवलोकन भ्रमण गरी त्यस समुदायमा विकासको के कस्तो अवस्था पहिचान गर्नुभयो, खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**एकाइ २. विकास र विकासका पूर्वाधार**

२. नेपालका राष्ट्रिय गौरवका आयोजनाहरूको सूची तयार गरी आफ्नो प्रदेशमा सञ्चालित कुनै एक आयोजनाका बारेमा निम्नलिखित तथ्यहरूको खोजी गरी एक प्रतिबेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

| | |
|---|---|
| आयोजनाको नाम | |
| आयोजनाको अवस्थिति | |
| आयोजनाको अवधि | |
| आयोजनाको लागत | |
| आयोजनाका सम्भाव्य उपलब्धि र प्रभाव | |

**एकाइ ३ : हाम्रा सामाजिक मूल्यमान्यता**

३. विद्यार्थीलाई उनीहरूको समुदायमा रहेका कुनै ऐतिहासिक वा धार्मिक वा पर्यटकीय वा यस्तै कुनै सार्वजनिक महत्त्वका स्थलको भ्रमण गराउनुहोस् र तलका बुँदाका आधारमा प्रतिवेदन तयार गर्न लगाउनुहोस् :

१. शीर्षक तथा भ्रमणको पृष्ठभूमि
२. भ्रमणका उद्देश्य
३. भ्रमण विधि
४. पत्ता लगाइएका कुराहरू
५. निष्कर्ष तथा सुझाव

**एकाइ ४ : सामाजिक समस्या र समाधान**

| क्रियाकलाप | विद्यार्थीहरूको व्यवहार | |
|---|---|---|
| १. म स्रोतसाधनको दोहन हुने कार्य | (क) गर्छु | (ख) गर्दिन |
| २. म स्रोतसाधनको संरक्षण कार्यमा सहभागी | (क) हुन्छु | (ख) हुँदिन |
| ३. म स्रोतसाधन संरक्षण कार्यका लागि प्रचार प्रसार | (क) गर्छु | (ख) गर्दिन |
| ४. म खाली जमिनमा वृक्षरोपण | (क) गर्छु | (ख) गर्दिन |
| ५. म स्रोत साधन वरपरको वातावरण सरसफाइ कार्यमा सहभागी | (क) हुन्छु | (ख) हुँदिन |
| ६. म स्रोतसाधनको दोहनबाट पर्ने असरहरूका बारेमा जनचेतनामूलक कार्यमा सहभागी | (क) हुन्छु | (ख) हुँदिन |

४. तल दिइएका स्रोत साधनको संरक्षणसम्बन्धी प्रश्नावलीका आधारमा विद्यार्थीलाई आत्ममूल्याङ्कन गर्न लगाई प्राप्त निष्कर्ष समावेश गरी एक अनुच्छेद लेख्न लगाउनुहोस् :

**एकाइ ५ नागरिक चेतना**

५. मानव अधिकारको उपयोगलाई प्रभावकारी बनाउने उपायहरू सम्बन्धमा चार्ट निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**एकाइ ६ हाम्रो पृथ्वी**

६. प्राकृतिक प्रकोप नियन्त्रणमा आफ्नो स्थानीय तहमा भएका प्रयासहरू समेटी समाचारको नमुना तयार पार्नुहोस् ।

**एकाइ ७ हाम्रो विगत**

७. तपाईं बसोबास गरेको समुदायमा भएका अगुवा राजनीतिज्ञलाई भेट गरी उहाँसँग वि.सं. २०४६ र २०६२-०६३ को जनआन्दोलनका कारणहरू र यी आन्दोलनपछि भएका सामाजिक र आर्थिक परिवर्तनका बारेमा प्रश्नहरू सोधी तलको तालिका पूरा गर्नुहोस् :

| क्र.स. | आन्दोलन वर्ष | आन्दोलका कारणहरू | सामाजिक परिवर्तन | आर्थिक परिवर्तन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**एकाइ ८ हाम्रा आर्थिक क्रियाकलाप**

८. तपाईं बसोबास गर्नुभएको वा विद्यालय रहेको नजिकको वडा कार्यालय जानुहोस् र त्यहाँका अध्यक्ष वा सचिवसँग उक्त वडाको अगिल्लो वर्षको योजना र चालु योजनाबिच विशेषता, लक्ष्य र रणनीतिका आधारमा भिन्नता र समानताहरू सोधखेज गरी विवरण तयार पार्नुहोस्

**एकाइ ९ हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग**

९. कक्षाका कुनै पाँच जना साथीलाई भेटी उनीहरूले सामाजिक सञ्जालको दुरुपयोग हुन नदिन अवलम्बन गरेका सुरक्षात्मक उपायहरू सङ्कलन गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

**एकाइ १० जनसङ्ख्या र यसको व्यवस्थापन**

१०. आफ्नो टोल वा समुदायका कुनै पाँच जना जेष्ठ नागरिकलाई भेटी उहाँको स्याहार सुसार र पारिपारिक सहयोग र सम्मानको अवस्था सम्बन्धमा विचार सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

यस विषयको पाठ्यक्रमले विभिन्न सामाजिक विज्ञानका विषयवस्तुलाई समेटेर आफूलाई समृद्ध बनाएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको सिकाइ सहजीकरणमा सबै क्षेत्रलाई समान महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणा र मूल्यको विकास गराउनुपर्दछ । यस विषयले क्रियाकलापमा आधारित व्यावहारिक सिकाइलाई महत्त्व दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्ना गाउँ, टोल, समुदायहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ । सिकाइ सहजीकरण गर्दा घोक्ने, कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी खोज, अन्वेषण वा गरेर सिक्ने वातावरण तयार गरिदिनुपर्दछ जसले सिकेका कुराहरूलाई सिर्जनात्मक र विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरोस् । सामाजिक अध्ययनले विद्यार्थीका विभिन्न सिर्जनाहरू जस्तै : कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, चित्रमार्फत भाव अभिव्यक्त गरुन् भन्ने लक्ष्य राखेको छ । यी सबै सिपहरूको विकास गर्न विद्यार्थीलाई आफ्ना रुचिअनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ । यसका निम्ति शिक्षकद्वारा निर्मित वार्षिक शैक्षणिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको ठुलो भूमिका रहन्छ । विद्यार्थीलाई क्रियाकलापमा आधारित गरी गरेर सिक्ने वातावरण र अवसर तयार गर्नुपर्दछ भन्ने सोच र चिन्तनको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू तल दिइएका छन् तर यी नमुना मात्र भएकाले शिक्षकले परिस्थितिअनुकूल विधिहरू छनोट गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

यी सिपहरूको विकासका लागि सबै विद्यार्थीलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । किशोर किशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयको सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य आदि । समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको विधिका रूपमा लिइन्छ । यसअन्तर्गत मस्तिष्क मन्थन, सङ्गठित

सिंहावलोकन जिग्स (jig-saw), शब्दार्थ चित्र (semantic map), जोडीमा पढाइ र जोडीमा सारांश, द्रुत लेखन (quick write), मान्यता (value line) जस्ता सिकाइ रणनितिहरू आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ ।

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थी आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो तथा अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

मूल्याङ्कनको कुल भारको २५ प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने बाहय परीक्षाबाट बाँकी ७५ प्रतिशत मूल्यांकन गरिने छ ।

## आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. न. | मूल्याङ्कन पक्ष | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षामा उपस्थिति र सिकाइ सहभागिता | ३ |
| २. | प्रयोगात्मक/परियोजना कार्य | १६ |
| ३. | त्रैमासिक परीक्षाहरू | ६ |

## बाह्य परीक्षा

बाह्य परीक्षाको भार ७५ प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको बाह्य मूल्याङ्कन विशेष गरेर ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाका प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ।